| सि.नं. | कामदारको पद | माग संख्या (पुरुष) | न्यूनतम योग्यता | मासिक तलब RM | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | Security Guard | 3 | काममा दक्ष | 1500 | ४२,१७० | क. नि. अनुसार | ८ घण्टा | ६ दिन | क. नि. अनुसार | छैन | छ | २ वर्ष |

| स्वदेशमा गरिने प्रि मेडिकल खर्च कसले गर्ने र कति लाग्ने | बिदेशमा गरिने मेडिकल खर्च कसले व्यहोर्ने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बीमा हुने /नहुने र प्रिमियर कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कसले व्यहोर्ने | अभिमुखिकरण शुल्क कसले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कसले व्यहोर्ने | कुल लागत खर्च |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैले | कम्पनीले | कामदार आफैले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले दिने | रोजगारदाता कम्पनीले दिने | कामदार आफैले | रु ७००/- कामदार आफैले | रु १५००/- कामदार आफैले | नि:शुल्क | नि:शुल्क |

अन्तरवार्ता म्यानपावरको कार्यलय काठमाडौंमा २०७९ माघ ११ गते (25 Jan, 2023) मा हुनेछ ।

बैदेशिक रोजगार विभागबाट गराईएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई सेवा शुल्क बुझाउनु होला । बुझाएको रकमको भरपाई अनिवार्यरुपमा लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोस् । आफू कठिनाइमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनु होला । ४) विदेश जानुअघि अभिमुखीकरण वा इण्डक्सन तालिम अनिवार्य लिनुहोला । ५) विदेश जानुअघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला । सोको १ (एक) प्रति आफूसग राख्नुहोला । ६) काममा विदेश जादा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परे श्रम तथा रोजगार प्रवर्द्धन विभाग, ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Empire International Pvt. Ltd.** Lic. No. 695/063/064
Shantinagar, Kathmandu, Nepal
Phone No.: 01- 4621348,4620715
E-mail: jobs@empirenpl.com.np



### Dubai को प्रतिष्ठित कम्पनी BERKELEY SECURITY SERVICES & BUILDING CLEANING (BR.OF BERKELEY SERVICES LLC) को कम्पनीको लागि Cleaners र Security Guard हरुलाई वैदेशिक रोजगारको अवसर

Berkeley DEFINED BY TRUST

पुर्व स्वीकृत मितिः २०७८/१२/२२ चलानी नं.: ६०१७७३३१ L.T. No.: 261137 पुनः विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब AED | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cleaners | 112 | 93 | स. काममा दक्ष | 800 | २८,७६८ | क.नि अनुसार | ८ घण्टा | ६ दिन | क.नि अनुसार | छ | | २ वर्ष |
| 2. | Security Guard | 50 | 0 | | 1200 | ४३,१५२ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ माघ ११ गते (25 January 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले व्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

**सन लाईट ह्युमन रिर्सोस प्रा. लि.** Lic No. 689/063/064
सामाखुसी–०३, काठमाडौं, फोनः ४३८४८३२, ४३८४८३३



### Kuwait मा बैदेशिक रोजगारको अवसर | Al-Amana Security

पुनः विज्ञापन । पूर्व स्वीकृती मितिः २०७९/०३/२८ चलानी नं. ६०१८३७९८ LT No. : 267024

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब KD | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | Cleaner (Indoor) | 31 | 25 | काममा दक्ष | 90 | ३८,५५४।- | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| २. | Security Guard | 156 | 00 | | 125 | ५३,५४८।- | | | | | | | |

| स्वदेशमा गरिने मेडिकल खर्च कसले गर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकल खर्च कसले व्योहोर्ने | स्वदेशमा गरिने बिमा खर्च कसले व्योहोर्ने र कति लाग्ने | रोजगारमा बीमा हुने /नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | कल्याणकारी कोष | अभिमुखीकरण शुल्क | सेवा शुल्क |
|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैले | रोजगारदाता कम्पनीले व्योहोर्ने | कामदार आफैले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु. १,५००।- कामदार आफैले | रु. ७००।- कामदार आफैले | नि:शुल्क |

अन्तरवार्ता २०७९ माघ ११ गते (25 Jan, 2023) यस प्रा. लि. को कार्यालय सामाखुसी, काठमाडौमा हुनेछ ।

बैदेशिक रोजगार विभागबाट गराईएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भरपाई अनिवार्यरुपमा लिनुहोला । २) आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोस् । आफु कठिनाइमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनु होला । ४) विदेश जानुअघि अभिमुखीकरण वा इण्डक्सन तालिम अनिवार्य लिनुहोला । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला । सोको १ (एक) प्रति आफुसँग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परेमा बैदेशिक रोजगार विभाग बुद्धनगर, नयाँबानेश्वरमा सम्पर्क राख्नुहोला ।

**Euro Asia H.R. Solutions Pvt. Ltd.** Govt. Lic: 1162/073/74
Samakhushi, Kathmandu, Tel : 01-4380875, 9851048235, 9851042984
Email:myeuroasiahr@gmail.com



### QATAR मा रोजगारको अवसर | कम्पनी :IINC FACILITY SERVICES शहर: DOHA

पूर्व स्वीकृत मितिः २०७९/१०/०३ चलानी नं.: ६०१९५०३९ L.T. No.: 279554

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब QR | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Gen Clean. Worker | 89 | 6 | स. काममा दक्ष | 1000 | ३५,६६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ माघ ११ गते (25 January 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

**ROTARY OVERSEAS PVT. LTD.** Govt. Lic. No. 562/062/063
Basundhara-3, Kathmandu, Tel : 5903872, 5903873
Mobile : 818216982, 9803856062, 9803245895
Email: info@rotaryoverseas.com, Web.: www.rotaryoverseas.com



### मलेसियामा रोजगार | कम्पनी: PRESTIGE PACKAGES SDN BHD शहर: JOHOR

पूर्व स्वीकृत मितिः २०७९/०३/०९ चलानी नं.: ६०१८१६२८ L.T. No.: 265579 पुनः विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब RM | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Factory Worker (Manufacturing Sec.) | 170 | 0 | स. काममा दक्ष | 1500 | ४५,२८५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ माघ ११ गते (25 January 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- रोजगारदाताले तिर्ने | रु. १,५००/- रोजगारदाताले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझा विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला

**People & Places Pvt. Ltd.** Gov. Lic. No.: 320/059/060
Tokha 10, Prayas Nagar, Kathmandu, Nepal | Tel: 4954622, 9745551435, 9823503539
Email: peopleandplacesp @gmail.com | Website: www.pnprecruit.com



### कतारमा रोजगार | १. कम्पनी : BUILD ZONE CONTRACTING & SERVICES W.L.L. शहर : DOHA

पूर्व स्वीकृत मितिः २०७९/१०/०३ चलानी नं.: ६०१९५०५४ LT. No.: 279564

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब QR | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Labour | 4 | 0 | सम्बन्धित काममा दक्ष | 1000 | ३५,४४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Building Worker | 1 | 0 | | 1000 | ३५,४४० | | | | | | | |
| 3. | Plaster Worker | 4 | 0 | | 1200 | ४२,५२८ | | | | | | | |

२. कम्पनी : QQQ BURGER शहर : Qatar
पूर्व स्वीकृत मितिः २०७९/१०/०३ चलानी नं.: ६०१९५०५५ LT. No.: 279565

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब QR | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Labour | 1 | 0 | सम्बन्धित काममा दक्ष | 1000 | ३५,४४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Cooker | 0 | 2 | | 1600 | ५६,७०४ | | | | | | | |
| 3. | Waiter | 0 | 4 | | 1600 | ५६,७०४ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ माघ ११ गते (25 January 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

**SOLIDARITY OVERSEAS PVT.LTD** Gov. Lic. No 1186/073/074
Basundhara Chowk, Kathmandu, Nepal, Tel No.: +977-1-4357086, Fax No.: +977-1-4357086
Email: soverseas2074@gmail.com, info@solidarityoverseas.com
Website: www.solidarityoverseas.com



### साउदीमा रोजगारको अवसर | कम्पनी: LIBANET SAUDI COMPANY शहर: SAUDI

पूर्व स्वीकृत मितिः २०७९/०४/२९ चलानी नं.: ६०१८५३१७ LT. No.: 269502 पुनः विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब SR | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Office and Facility Cleaning Worker | 1 | 0 | स. काममा दक्ष | 1000 | ३४,५७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ माघ ११ गते (25 January 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

**S.R. Group HR Consultancy Pvt. Ltd.**
(Access Partner Manpower Pvt. Ltd.)
Govt. Lic. No.: 1123/073/074
Address: Sinmangal-9, Kathmandu | Tel : 01-4110700
Mob.: 9818587303, 9818309178, 9841516281 | Web.: www.srgroupsa.com

प्रधानमन्त्री कप महिला क्रिकेट

# प्रदेश १ र सुदूरपश्चिम प्रदेश सेमिफाइनलमा



**काठमाडौं ⁄ मस–** प्रधानमन्त्री कप महिला राष्ट्रिय टी-२० क्रिकेट प्रतियोगितामा सुदूरपश्चिम प्रदेश र प्रदेश १ अन्तिम चारमा प्रवेश गरेका छन् । इटहरीको जनता पार्कमा सम्पन्न दिनको दोस्रो खेलमा सुदूरपश्चिम प्रदेशले विभागीय टोली एपीएफ क्लबलाई चार विकेट तथा प्रदेश १ ले कर्णाली प्रदेशलाई १० विकेटले पराजित गर्दै अन्तिम चारमा प्रवेश गरेका हुन् । दुबै टोली समूह विजेता बन्दै अन्तिम चारमा प्रवेश गर्दा पराजय भोगेको एपीएफ समूह ए को उपविजेता बन्दै सेमिफाइनलमा प्रवेश गरेको हो ।

प्रतियोगितामा अब समूह बी बाट उपविजेताको टुंगो लाग्न बाँकी छ । प्रदेश १ ले सबै खेलमा स्पष्ट जित निकाल्दै समूह विजेता बन्दा दोस्रो र तेस्रो स्थानमा समान २⁄२ अंक जोडेका टोलीद्वय लुम्बिनी र मधेशबीचको भिडन्तपछि उपविजेताको टुंगो लाग्नेछ । दुबै टोली बुधबार प्रतिस्पर्धा गर्दैछन् ।

मंगलबार लगातार तेस्रो खेलमा सफलता निकाल्ने क्रममा सुदूरपश्चिम प्रदेशले एपीएफबाट पाएको ९२ रनको लक्ष्य निर्धारित २० ओभर सकिन चार बल बाँकी रहँदा ६ विकेटको क्षतिमा भेट्टायो । सुदूरपश्चिमका लागि डोली भट्टले सम्हालिएको प्रदर्शन गरिन् । ३८ बलको सामना गरेकी डोली भट्टले ४ चौका र १ छक्काको सहयोगमा सर्वाधिक ३३ रन जोडिन् भने ऋतु कनोजियाले १० रन जोडिन् । कविता जोशी र रेवती धामी क्रमशः ७ र ८ रनमा अविजित रहे । यसबाहेक अन्य खेलाडीको पनि राम्रो प्रदर्शन हुन सकेन । ६ विकेट निकाल्ने क्रममा एपीएफका लागि नेरी थापाले तीन तथा सुमन बिष्ट, इन्दु बर्मा र कप्तान सीता राना मगरले समान एक-एक विकेट लिए ।

यसअघि टस जितेर ब्याटिङ रोजेको एपीएफले निर्धारत २० ओभरमा नौ विकेट गुमाउँदै ९१ रनको योगफल तयार पारेको थियो । एपीएफका लागि ममता चौधरीले अविजित २६, रोमा थापाले १५, ज्योति पाण्डेले १४ र इन्दु बर्माले ११ रन जोडे । सुदूरपश्चिमका लागि कविता जोशीले तीन, ऋतु कनोजियाले दुई तथा कविता कुँवर र मनिषा चौधरीले समान एक-एक विकेट लिए ।

समूह ए बाट सुदूरपश्चिमले तीन खेलबाट स्पष्ट ६ अंक बनाउँदा समूह विजेता बनेको हो । यस्तै समान तीन खेलबाट एपीएफले ४ अंक जोड्दै उपविजेता बनेको हो । क्रमशः तेस्रो र चौथो स्थानमा रहेका बागमती प्रदेश र गण्डकी प्रदेशले दुबै खेल गुमाउँदा तालिकामा अंकविहीन छन् । यद्यपि दुबै टोलीले एक-एक खेल खेल्न बाँकी छ ।

यस्तै मंगलबार नै भएको दिनको पहिलो खेलमा प्रदेश १ ले कर्णाली प्रदेशलाई १० विकेटले पराजित गर्‍यो । कर्णालीले प्रस्तुत गरेको ४० रनको लक्ष्य प्रदेश एकले ४.५ ओभरमा कुनै पनि विकेट नगुमाई भेट्टायो । प्रदेश एकका लागि कप्तान रुविना क्षेत्रीले अविजित २२ तथा काजल श्रेष्ठले अविजित १३ रन जोडे । ओसिलो मैदानका कारण टसमा ढिलाई भएपछि खेललाई ११ ओभरमा छोट्याइएको थियो ।

त्यसअघि टस जितेर ब्याटिङ रोजेको कर्णालीले निर्धारित ११ ओभरमा पाँच विकेट गुमाउँदै ३९ रनको योगफल बनाएको थियो । कर्णालीका लागि रमा बुढाथोकीले १८ रन बनाउनु बाहेक अन्य खेलाडीले राम्रो प्रदर्शन गर्न सकेनन् । प्रदेश एकका लागि ज्योति दनवार, रुविना क्षेत्री, संगीता राई र काजोल राजवंशीले समान एक-एक विकेट लिए ।

प्रतियोगितामा बुधवार समूह चरणका अन्तिम खेल हुनेछन् । दिनको पहिलो खेल मधेश प्रदेश र लुम्बिनी प्रदेश तथा दोस्रो खेल बागमती प्रदेश र गण्डकी प्रदेशबीच हुनेछ ।

# रोकिएन खेलाडी पलायन

## राष्ट्रिय टोलीका तेज, दिनेश र गौतम अष्ट्रेलियातर्फ

**काठमाडौं ⁄ मस–** नेपाली राष्ट्रिय फुटबल टिमका तीन खेलाडी सुरक्षित भविष्यको खोजीमा विदेशिएका छन् । राष्ट्रिय टोलीका सुरुआती-११ कै तीन खेलाडी तेज तामाङ, दिनेश राजवंशी र गौतम श्रेष्ठ अष्ट्रेलिया प्रस्थान गरेका छन् । तीनै जना खेलाडी सोमबार राति अष्ट्रेलिया प्रस्थान गरेका हुन् ।

पछिल्लो दुई वर्षमा करिब १५ भन्दा बढी फुटबलर अस्ट्रेलिया प्रस्थान गरिसकेका छन् । अखिल नेपाल फुटबल संघले समयमा लिग तथा प्रतियोगिता गर्न नसक्दा तथा खेलाडीले राम्रो देशमा अवसर पाउँदा पलायन रोकिएको छैन ।

निरन्तर उत्कृष्ट खेलाडीहरु विदेशिएपछि 'ए' डिभिजन क्लबहरुलाई देशभित्रबाट राम्रा फुटबलर जम्मा गरेर टिम बनाउननै सकस हुँदै गएको छ ।

नयाँ सिजनको 'ए' डिभिजन लिग फागुन १९ गतेबाट सुरु हुँदैछ । लिग डबल राउण्ड रोबिनको आधारमा हुनेछ । लिगका लागि डिफेन्डर दिनेश राजवंशी र मिडफिल्डर तेज तामाङ चर्च ब्वाइज क्लबमा अनुबन्धित भएका थिए । यस्तै डिफेन्डर गौतम श्रेष्ठ संकटा क्लबमा अनुबन्धित भएका थिए ।

नेपालबाट अस्ट्रेलिया पुगेका खेलाडीहरुले स्थानीय प्रतियोगितासँगै नेपाली मूलका अन्य खेलाडीसँग विभिन्न क्लबमा खेल्दै आएका छन् । अष्ट्रेलियाको व्यावसायिक लिगमा भने नेपाली खेलाडीले मौका पाएका छैनन् ।

यस अघि राष्ट्रिय टोलीका सदस्य दर्शन गुरुङ, सन्तोष तामाङ, सुमन लामा र आशिष लामासहित शिव गुरुङ, आकाश बुढा मगर, रुमेश बर्तौला र अमिर श्रेष्ठ लगायतका खेलाडी अष्ट्रेलिया अष्ट्रेलिया गइसकेका छन् ।

# नेपाललाई ४ स्वर्णसहित १३ पदक



**काठमाडौं⁄मस–** नेपालले चौथो अन्तर्राष्ट्रिय खुला कराते प्रतियोगितामा ४ स्वर्ण, ७ रजत र २ कास्य गरी १३ पदक जितेको छ । बंगलादेशको जेसोरमा जनवरी १३ र १४ तारिखमा भएको प्रतियोगितामा सहभागी भई मंगलबार स्वदेश फर्केको टोलीलाई राष्ट्रिय खेलकुद परिषद्का सदस्य-सचिव टंकलाल घिसिङले मंगलबारै भेटी सफलताका लागि बधाइ दिए ।

गणेश पाइजा, विनुमाया तामाङ, देवकुमार तामाङ र प्रेमप्रसाद नेपालले स्वर्ण जिते । विनुले थप १ रजत पनि जितिन् । राजकुमार पाइजा, लक्ष्मण पुन, विजल पाइजा, मन्दिप खड्का, श्रीकिशुन साह र समित महर्जनले रजत जिते । अमृत तामाङ र शम्भु नेपालीले कास्य हात पारे ।

प्रशिक्षकमा साइला गमाल, व्यवस्थापकमा रामकुमार थारु तथा अफिसियलमा सिताराम लामा, तेजेन्द्र पाइजा, पहलमान महर्जन र पुष्पाराज गिरी रहेका छन् ।

# एथलेटिक्स टोली ढाका जाने




**काठमाडौं ⁄ मस–** बंगबन्धु शेख मुजिब ढाका म्याराथनमा सहभागी हुन १० खेलाडीसहित ११ सदस्यीय नेपाली टोली बुधबार बंगलादेशको ढाका प्रस्थान गर्दै छ ।

जनवरी २० तारिखमा हुने प्रतियोगिताको फुल म्याराथनतर्फ पुरुषमा किरणसिंह बोगटी, सन्तोषविक्रम विष्ट र करणबहादुर खड्का तथा महिलामा विन्द्राधन्के श्रेष्ठ र पुष्पा भण्डारीले प्रतिस्पर्धा गर्ने छन् । हाफ म्याराथनको पुरुषमा गोपीचन्द्र पार्की र सन्तोषनाथ योगी तथा महिलामा सन्तोषी श्रेष्ठ, राजपुरा पछाईं र रेखा विष्टले खेल्ने छन् । प्रशिक्षक तथा अफिसियलमा विमला राना मगर छिन् ।

टोलीलाई सफलताको शुभकामना दिँदै राष्ट्रिय खेलकुद परिषद्का सदस्य-सचिव टंकलाल घिसिङले मंगलबार एक कार्यक्रमबीच बिदाइ गरे ।

# कराते टोली फ्रान्स प्रस्थान

**काठमाडौं ⁄ मस–** पेरिस ओपन करातेमा सहभागी हुन १ खेलाडीसहित २ सदस्यीय नेपाली टोली मंगलबार फ्रान्सको पेरिस प्रस्थान गरेको छ । जनवरी २० देखि २२ तारिखसम्म हुने प्रतियोगितामा अमिर राणाले ८४ केजीमाथि तौल समूहमा प्रतिस्पर्धा गर्ने छन् । अमिर दुबई र थाइल्यान्डमा भएको प्रतियोगिताका स्वर्ण विजेता हुन् ।

प्रशिक्षकमा १० औं दक्षिण एसियाली खेलकुदका स्वर्ण विजेता कुशल श्रेष्ठ छन् । सन् २०१२ मा भएको पेरिस ओपन करातेमा कुशल खेलाडीका रुपमा सहभागी भएका थिए ।


# केराबारी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

**केराबारी, मोरङ्ग**
**प्रदेश नं १, नेपाल**

## ढुङ्गा, गिटी/मिक्स गिटी, वालुवा र भरौट उत्खनन् संकलन तथा विक्री गर्ने कार्यको E–BID ठेक्का बन्दोबस्ती सम्बन्धी ३० दिने सूचना

**प्रथम पटक प्रकाशित मितिः २०७९/१०/०४**

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६२ 'क' को उपदफा (१) तथा सोहि ऐनको दफा ११ को उपदफा २ को खण्ड घ को (६) बमोजिम केराबारी गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालयले चुरे तथा वन क्षेत्रबाहेक ढुङ्गा, गिटी/मिक्स गिटी, बालुवा र भरौटको उत्खनन् संकलन तथा विक्री मुल्य असुली गर्न तपसिल बमोजिमको खोलाहरुबाट तोकिएको परिमाणमा ठेक्का बन्दोबस्त गर्नु पर्ने भएकाले ईजाजत प्राप्त फर्म वा कम्पनीको दर्ता प्रमाणपत्रको प्रतिलिपि (नवीकरण सहित), मूल्य अभिबृद्धि कर दर्ता प्रमाणपत्र तथा आ.व. २०७८/७९ सम्मको कर चुक्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि सहित ईजाजत प्राप्त ईच्छुक फर्म वा कम्पनीहरुले तोकिएको अवधि भित्र तपसिल वमोजिम शर्तको अधिनमा रही बिधुतिय बोलपत्र पेश गर्न हुन आव्हान गरिएको छ ।

| सि.न | ठेक्का नं. | विवरण | उत्खनन/विक्री योग्य परिमाण | न्युनतम ठेक्का अंक रु. (भ्याट सहित) | बोलपत्र मुल्य (रु.) | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | ५/राजश्व | यस गाउँपालिका क्षेत्र भित्र IEE भएका खोलानालाहरु मध्ये खदम, भलुवा लोहन्द्रा, बुढी खोला र मुगु खोला अन्तर्गत IEE प्रतिवेदनका आधारमा ढुङ्गा, गिटी/मिक्स गिटी, वालुवा र भरौट उत्खनन् संकलन तथा विक्री मूल्य असुली । | ४,९०,३९० घ.मि. | रु ११,७४,३३,४९८।०० (एघार करोड चौहत्तर लाख तेत्तिस हजार चार सय अन्ठानब्बे मात्र) | ५,०००।०० | E-Bidding |

**नदीजन्य पदार्थ (ढुङ्गा, गिटी/मिक्स गिटी, बालुवा आदि) को दर प्रति क्यु.फिट (भ्याट बाहेक) रु.६।००**

**शर्तहरु**

१. E–Bidding बोलपत्र फारम खरीद गर्न केराबारी गाउँपालिकाको एन.आइ.सि एसिया बैंकमा रहेको राजश्व कोष खाता नं ०५६२०५६५०१४२३००२ मा माथि उल्लेखित रकम जम्मा गरी सो को भौचर स्क्यान गरी पेश गर्नुपर्नेछ । साथै बोलपत्रदाताले कबोल गरेको भ्याट सहितको अंकको ५ प्रतिशत रकम बोलपत्र जमानत बापत केराबारी गाउँपालिकाको एन.आइ.सि एसिया बैंकमा रहेको बैंक खाता नम्वर ०५६२०५६५०१४२३००८ मा जम्मा गरि उक्त भौचर वा मान्यता प्राप्त "क" वर्गको बैंकबाट यस कार्यालयको नाममा जारी भएको कम्तीमा १२० दिन अवधी भएको बिडवन्ड पेश गर्नु पर्ने छ । साथै ५% बोलपत्र जमानतको रकम भ्याट सहितको कुल रकमको हुनुपर्नेछ तथा PPMO को वेभसाईट http://bolpatra.gov.np/egp मार्फत सूचना प्रकाशित भएको मितिले ३० (तीस) दिन भित्र बोलपत्र फारम https://bolpatra.gov.np/egp बाट डाउनलोड गर्न सकिने छ ।

२. बोलपत्र फारम यो सूचना प्रकाशित भएको मितिले ३१ औ दिन दिनको १२:०० बजेसम्म अनिवार्य online बोलपत्र दर्ता गराउनुपर्नेछ ।

३. बोलपत्र दर्ता भएको दिन दिनको १:०० बजे कार्यालयका प्रतिनिधिहरु र बोलत्रदाताहरुको प्रतिनिधिको रोहवरमा खोलिनेछ र बोलपत्र खोल्ने समयमा बोलपत्रदताको प्रतिनिधि उपस्थित नभए पनि बोलपत्र खोल्न कुनै बाधा हुने छैन ।

४. बोलपत्रदाताले https://bolpatra.gov.np/egp मा आवश्यक कागजात सहित कबोल रकम एकमुष्ट मु.अ.कर वाहेक प्रविष्ट गर्नुपर्नेछ । उक्त सिस्टमले मु.अ.कर स्वत गणना गरी मु.अ.कर सहितको कुल कबोल अंक देखाउनेछ ।

५. बोलपत्र दाखिला गर्ने अन्तिम दिन वा बोलपत्र खोलिने दिन विदा परेमा सोको भोलिपल्ट कार्यालय खुलेको दिन बोलपत्र दाखिला र बोलपत्र खोलिनेछ ।

६. बोलपत्र स्वीकृत पश्चात पत्र बुझेको १५(पन्ध्र) दिन भित्र सम्झौता गर्न नआएमा बोलपत्र जमानत बापत राखेको ५ प्रतिशत रकम असुल गरी नियमानुसार प्रकृया अगाडी बढाइने छ ।

७. छनौट भएको बोलपत्रदाताले कबोल गरेको भ्याट सहितको एकमुस्ट रकम यस कार्यालयको एन आईसी एसिया बैंक खाता नं ०५६२०५६५०१४२३००२ मा जम्मा गरी सो को सक्कल भौचर सहित सम्झौता गर्न आउनु पर्नेछ । साथै एकमुष्ट रकम जम्मा गरे वापत कुनै किसिमको छुट दिइने छैन ।

८. ठेक्काको अवधि सम्झौता मिति देखि २०८० जेष्ठ मसान्त सम्मको लागि मात्र हुनेछ यदि तोकिएको अवधि भन्दा पहिले तोकिएको परिमाण उत्खनन भएको खण्डमा थप उत्खनन गर्न रोक लगाइने छ ।

९. ठेक्का सम्झौता भइसकेपछि कुनै बन्द, हडताल वा कुनै मानव सिर्जित कारणबाट हुने अवरोध भएको भनि छुट माग गर्न पाइने छैन र सोही कारणबाट ठेक्का रकममा कुनै प्रकारको छुट, मिनाहा, माफि दिइने छैन ।

१०. नदीजन्य पदार्थ उत्खनन् संकलन तथा बिक्री शुल्क प्रदेश सरकारले तोके बमोजिमको दरले संकलन गर्नुपर्नेछ ।

११. यस कार्यालयले निर्धारण गरेको दररेट भन्दा बढी असुल गरेमा नियम अनुसार कारबाही भई ठेक्का रद्द समेत हुन सक्नेछ ।

१२. बोलपत्रदाताले ठेक्का भोग चलन गर्दा यस कार्यालयको निर्देशन र सम्झौतामा उल्लेखित शर्त बमोजिम काम गर्नु पर्नेछ ।

१३. बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस गाउँपालिकामा निहित रहनेछ ।

१४. बोलपत्रदाता तथा गाउँपालिकाबीच कुनै किसिमको मतभिन्नता भएमा गाउँपालिकाको निर्णयलाई अन्तिम निर्णय मानिनेछ ।

१५. नदी वा खोलाहरुमा उत्खनन तथा संकलन गर्दा हेभि इक्विप्मेन्ट प्रयोग सम्बन्धी व्यवस्था IEE प्रतिवेदन बमोजिम हुनेछ ।

१६. नदीजन्य पदार्थ उत्खन्न संकलन गर्दा प्राकृतिक धारा किनारा घाट, कुल कुलेसा, लोकमार्ग तथा सार्वजनिक स्थललाई क्षति नपुग्ने गरी IEE ले तोके बमोजिम मात्र ढुङ्गा, गिटी, बालुवा र भरौट उठाउन पाउनेछ ।

१७. नदिजन्य पदार्थ उत्खनन गर्दा नदीनालाको पुल तथा सडकको दायाँ बाँया उत्खन्नको हकमा IEE प्रतिवेदन बमोजिम हुनेछ ।

१८. प्रारम्भिक वातावरणीय प्रतिवेदनमा उल्लेख भएको शर्तको अधिनमा रही नदीजन्य पदार्थ उत्खनन् संकलन गर्नु पर्नेछ साथै यस कार्यालयबाट गरिएको प्रारम्भिक वातावरणीय प्रतिबेदन यस बोलपत्रको अभिन्न अंग हुने छ ।

१९. कुनै शर्त राखी पेश गरेको वा रीत नपुगी पेश भएको बोलपत्र माथी कुनै कार्बाही गरिने छैन ।

२०. ठेक्का तयारी तथा यससँग लाग्ने सम्पूर्ण खर्च बोलपत्रदाता आफै जिम्मेवार हुनु पर्नेछ ।

२१. बोलपत्र कागजातमा वा बोलपत्र सूचनामा कुनै फरक पर्न गएमा सच्याउने अधिकार यस कार्यालयमा निहित हुनेछ ।

२२. एक फर्म वा संस्थाको नाममा खरीद गरिएको बोलपत्र अर्को फर्म वा संस्थाको नाममा दाखिला गर्न पाइने छैन ।

२३. ठेक्का तथा विड डकुमेन्ट सम्बन्धि अन्य जानकारीको लागि बोलपत्रदाताले http://bolpatra.gov.np/egp मार्फत जानकारी प्राप्त गर्न सक्नेछ ।

२४. यस सूचनामा भएका विषय यसै सूचना बमोजिम तथा उल्लेख नभएका विषयहरु केराबारी गाउँपालिकाको नदिजन्य पदार्थहरुको उत्खन्, संकलन तथा विक्री मुल्य असुली सम्बन्धी ठेक्का व्यवस्थापन कार्यविधि, २०७८ (प्रथम संशोधन) तथा अन्य प्रचलित कानून बमोजिम हुनेछन ।

**केराबारी गाउँपालिका**

## ‘आइएमई पे’ ले ल्यायो रिचार्जमा क्यासब्याक




**काठमाडौं/मस** - आइएमई पेले मोबाइल रिचार्जमा पाँच प्रतिशत सम्मको क्यासब्याक अफर पुनः ल्याएको छ । यसभन्दा अघि ल्याइएको उक्त अफर ग्राहकवर्गको उच्च मागमा पुस ३० गतेदेखि पुनः शुरु गरिएको कम्पनीले जनाएको छ ।

सो अफर मार्फत प्रयोगकर्ताहरुले आइएमई पे एप दर्ता गरेको मोबाईल नम्बरमा मोबाईल ब्यालेन्स रिचार्ज गर्दा पाँच प्रतिशत क्यासब्याक र अन्य कुनै मोबाईल नम्बरमा मोबाईल ब्यालेन्स रिचार्ज गर्दा दुई प्रतिशत क्यासब्याक पाउने जानकारी सार्वजनिक गरिएको छ ।

हाल सम्म ४० लाखभन्दा बढी प्रयोगकर्ताहरुलाई विद्युतीय भुक्तानी सेवा प्रदान गर्दै आईरहेको आइएमई पे ले सो अफर आफ्नो सम्पूर्ण ग्राहक वर्गलाई समर्पित गरेको छ । कम्पनीले यस अफरको नियम तथा शर्त स्वरुप हरेक प्रयोगकर्ताहरुले एक महिनाको समय अन्तरालमा आफ्नो मोबाईल नम्बरमा ब्यालेन्स रिचार्ज गर्दा अधिकतम १०० रुपैयाँ क्यासब्याक र अरु मोबाईल नम्बरमा ब्यालेन्स रिचार्ज गर्दा अधिकतम १०० रुपैयाँ क्यासब्याक प्राप्त गर्न सकिने जानकारी कम्पनीले दिएको छ ।

## टिभिएसलाई दुईवटा अवार्ड




**काठमाडौं/मस** - हालै सम्पन्न टेकलेख अवार्डमा टिभिएस रेडरले उत्कृष्ट कम्युटर तथा टिभिएस अपाचे आरटिआर १६० फोभीले उत्कृष्ट फिचर अवार्ड हात पारेको छ । गत वर्ष पनि रेडरले टेकलेखमा आईएमओटिवाइ–२०२२ र अटो कार अवार्ड पाएको थियो । टेकलेखले जारी गरेको विज्ञप्ति अनुसार रेडरमा भएका सुधारहरूको आधारमा यो वर्ष पनि रेडरले यो अवार्ड प्राप्त गर्न सफल भएको हो । रेडरको किफायती मूल्य, स्टाइल, र अप्डेटेड फिचरहरुका कारण यस बाइकले अवार्ड पाएको विज्ञप्तिमा उल्लेख छ ।

यता अपाचे बाइकले निरन्तर सुधार गरेको फिचरहरूको गुणस्तरले गर्दा यो बाइकले अवार्ड प्राप्त गर्न सफल भएको बताइएको छ । जगदम्बा मोटर्स प्रा.लि. नेपालमा टिभिएसका दुई पाङग्रे सवारी साधनका लागि एक मात्र आधिकारिक वितरक हो । कम्पनीको नेपालभर १४० भन्दा बढी डिलरहरूको वितरण सञ्जाल रहेका छन् ।

# नेपालमा लगानी गर्न नीतिगत कठिनाई : गैरआवासीय नेपाली



**नारायण अर्याल/मध्यान्ह**
काठमाडौं, ३ माघ ।

नेपालमा लगानी गर्नको लागि नीतिगत रुपमा कठिनाई भएको गैरआवासीय नेपालीले बताएका छन् । मंगलबार गैरआवासीय नेपाली संघ (एनआरएनए)का अध्यक्षत्रय सहितको प्रतिनिधिमण्डलले उपप्रधानमन्त्री तथा अर्थमन्त्री विष्णु प्रसाद पौडेलसँग भेटवार्ताको क्रममा सो विषय राखेको हो । भेटका क्रममा गैरआवासीय नेपाली संघका कार्यकारी अध्यक्ष रबिना थापाले संघले गर्दै आएका लोक कल्याणकारी तथा परोपकारी कार्य र नेपालमा गैरआवासीय नेपालीहरुको लगानी लगायतका विषयमा अर्थमन्त्री पौडेललाई जानकारी गराएकी थिइन् ।

विदेशमा रहेका लाखौं नेपालीहरु नेपालमा लगानीका लागि उत्साहित भएपनि विभिन्न कानूनी र नीतिगत कठिनाइका कारण समस्या परेकोले त्यस्ता कठिनाइ हटाउन उनले अर्थमन्त्री पौडेललाई आग्रहसमेत गरिन् । साथै उनले विदेशमा रहेका नेपालीलाई बिना कुनै उल्झन नेपालमा लगानी गर्न पाउने वातावरण निर्माण गर्न अर्थमन्त्री समक्ष अनुरोध गरेकी थिइन् ।

यस्तै, अर्को संघका अध्यक्ष डा. बद्री केसीले गैरआवासीय नेपालीहरुको लगानी अभिवृद्धि गर्न नेपाली नागरिक सरह लगानीको व्यवस्था गर्नुपर्नेमा जोड दिँदै अध्यक्ष नेपाल सरकार सहितको लगानी भएको करिब १० अर्ब बराबरको एनआरएन नेपाल डेभलपमेण्ट फण्ड कम्पनी कार्यान्वयनमा ल्याउन देखा परेका कानूनी बाधा व्यवधानलाई हटाउन अर्थमन्त्री समक्ष आग्रह गरेका थिए । वैदेशिक रोजगारीबाट आउने विप्रेषणलाई वैधानिक च्यानलमार्फत ल्याउन प्रोत्साहन गर्न २ प्रतिशतसम्म प्रिमियम नेपाल सरकारले उपलब्ध गराउने व्यवस्था गर्न समेत उनले आग्रह गरेका थिए । साथै उनले लगानी सम्बन्धमा विद्यमान न्यूनतम दुई करोडको मापदण्ड हटाउन समेत माग गरेका गरेका थिए ।

अर्का अध्यक्ष कुल आचार्यले पनि अध्यक्ष आचार्यले डलर खाता सञ्चालनमा देखा परेका प्राविधिक समस्या समाधान गर्न आग्रह गरेका थिए । साथै उनले ‘एनआरएन नेपाल डेभलप्मेन्ट फण्ड’लाई अघि बढाउन अन्तरमन्त्रालयगत समन्वय गरेर समस्या सम्बोधन गरिदिन संघका तर्फबाट अर्थमन्त्री समक्ष आग्रह गरेका थिए ।

अर्थमन्त्री पौडेलले गैरआवासीय नेपाली संघका प्रतिनिधिसहितको एउटा छुट्टै संयन्त्र बनाएर यथाशक्य छिटो समस्या समाधानका लागि पहल गर्ने प्रतिबद्धता व्यक्त गरे । उनले भने, ‘सबै मन्त्रालयका प्रतिनिधिसहित तपाईहरूका प्रतिनिधिलाई पनि एकै ठाउँमा राखेर छलफल गरौं र समस्या समाधानका लागि पहल गरौं, त्यसको लागि म आफैं समन्वय र सहकार्य गर्न तयार छु ।’

गैरआवासीय नेपालीले नेपालमा गरिरहेको लगानीप्रति नेपाल सरकार जानकार रहेको भन्दै आगामी दिनमा पनि लगानीका लागि मार्ग प्रशस्त गर्न आफू प्रतिबद्ध रहेको अर्थमन्त्री पौडेलले भेटमा बताएका थिए ।

## सक्षम व्यक्तिलाई अभिकर्ता बनाउन अध्यक्ष सिलवालको निर्देशन



**काठमाडौं/मस** - नेपाल बीमा प्राधिकरणका अध्यक्ष सूर्यप्रसाद सिलवालले बीमाका बारेमा राम्रो ज्ञान भएको, परीक्षाबाट योग्य देखिएको व्यक्तिलाई मात्र बीमा अभिकर्ताका रूपमा छनौट गर्न बीमा कम्पनीहरूलाई निर्देशन दिएका छन् । मंगलबार प्राधिकरणको बीमा अभिकर्ता व्यवस्थापन सम्बन्धी अन्तरक्रिया कार्यक्रमलाई सम्बोधन गर्दै अध्यक्ष सिलवालले बीमाप्रति प्रतिवद्ध, दक्ष र योग्य बीमा अभिकर्ताबाट बीमा व्यवसायको गुणस्तर र बीमाप्रतिको विश्वास बढ्ने तथा कम्पनी पनि सशक्त हुने भएकाले बीमा अभिकर्ता इजाजतपत्रका लागि सिफारिश गर्दा यी विषयमा गम्भीर हुन निर्देशन दिए ।

‘एउटा बीमकको बीमा अभिकर्ताले अर्को समान किसिमको बीमकको बीमा अभिकर्ता भएर काम गर्न नपाउने कानूनी व्यवस्था छ, अब बीमा कम्पनीले आफ्नो बीमा अभिकर्ता अर्को कम्पनीको बीमा अभिकर्ता छैन भन्ने निश्चित गर्नुपर्छ, बीमा अभिकर्ताको जिम्मा कम्पनीले लिनुपर्छ । बीमा अभिकर्ता हुन तोकिएको परीक्षा उत्तीर्ण गरेको हुनुपर्छ,’ उनले भने । त्यस्तै, प्राधिकरणका कार्यकारी निर्देशक राजुरमण पौडेलले विगतका कमी कमजोरी नदोहोरिने गरी संख्याभन्दा गुणस्तरलाई ध्यान दिएर काम गर्न तथा इजाजतपत्र नलिएकालाई बीमा अभिकर्ताका रूपमा काम नगराउन बीमा कम्पनीहरूलाई निर्देशन दिए ।

कार्यक्रममा नेपाल बीमा प्राधिकरणका सहायक निर्देशक शम्भुप्रसाद मिश्रले बीमा अभिकर्ता व्यवस्थापनका लागि प्राधिकरणबाट संचालनमा ल्याउन लागिएको अनलाइन प्रणालीका बारेमा प्रस्तुती गरेका थिए । कार्यक्रममा नेपाल बीमा प्राधिकरणका निर्देशक कमलप्रसाद रेग्मी र निर्देशक पूजन ढुंगेल (अधिकारी) उपस्थित रहेका थिए । अन्तरक्रिया कार्यक्रममा जीवन बीमा कम्पनीहरूका बीमा अभिकर्ता शाखाका प्रमुख तथा प्रतिनिधिहरूको समेत सहभागिता रहेको थियो ।

# महिला व्यवसायीहरुलाई कोका-कोलाको सक्षम तालिम

**काठमाडौं/मस** – कोका-कोलाले आफ्नो सक्षम तालिम कार्यक्रम सम्पन्न गरेको छ । खुद्रा व्यवसाय तथा साना रेस्टुरेन्टहरु सञ्चालन गर्ने महिला व्यवसायीहरुको सीप विकास गर्न तथा सशक्तीकरण गर्ने उद्देश्यले कम्पनीले सञ्चालन गरेको कार्यक्रमबाट १००० भन्दा बढी महिलाहरुलाई तालिम प्रदान गरिएको छ ।

गत ८ मार्च २०२२ गते अन्तरराष्ट्रिय नारी दिवसको अवसर पारेर कोका-कोलाले आफ्नो बोटलिङ पार्ट्नर बोट्लर्स नेपालसँग मिलेर सक्षम कार्यक्रमको शुरुवात गरेको थियो । खुद्रा व्यवसाय र साना रेस्टुरेन्टहरु सञ्चालन गर्ने महिलाहरुलाई वित्तीय साक्षरता, हस्पिटालिटी, स्यानिटेसन म्यानेजमेन्ट र डिजिटल वालेटको प्रयोग सम्बन्धी तालिम दिनको लागि उक्त कार्यक्रम सञ्चालन गरिएको थियो । प्रदेश १, २, ३ र ४ का मुख्य सहरहरुमा एक-एक दिन गरी यो कार्यक्रम सञ्चालन गरिएको थियो ।



उक्त कार्यक्रमका एक सहभागी सौरहाकी गीता श्रेष्ठले भनिन्, ‘महिला युवा व्यवसायीहरुको लागि सक्षम तालिम कार्यक्रम अत्यन्तै उत्साहजनक रहेको थियो । मैले आज भन्दा ४४ वर्ष अगाडि जम्मा १६० रुपैंयामा आफ्नो व्यापार शुरु गरेको थिँए । मेरो कडा परिश्रमले मैले आफ्नो सपना पुरा गर्न सक्षम भएको छु । अहिले मेरो २ वटा घर र एउटा पसल छ र एकल महिलाको रुपमा आफ्नो परिवारलाई सहयोग गर्न सकेको छु ।’

त्यस्तै, नारायणघाटकी माया पाण्डेले भनिन्, ‘सक्षम कार्यक्रमले हामीलाई आर्थिक रुपमा सशक्त हुन चाहिने सिपहरु सिकाउनुको साथ साथै हाम्रो सन्जाल विस्तार गर्ने अवसर पनि दिएको छ । सक्षम जस्तो सिप बिकास गर्ने कार्यक्रमले हामीलाई अझै राम्रोसँग व्यवसा सन्चालन गर्न हौसला दिएको छ ।’

कोका-कोला नेपालका कन्ट्री डाइरेक्टर आदर्श अवस्थीले महिला सशक्तीकरणमा आफूहरुको जोड रहेको बताए । उनले भने, ‘कोका-कोला बेटर शेयर्ड फ्युचरमा विश्वास गर्छ र महिला सशक्तीकरण जहिले पनि हाम्रो मुल मान्यताको रुपमा रहेको छ । हामीले सक्षम तालिम कार्यक्रम २०२२ मा शुरु गरेका थियौं जसमा हामीले अनुभवी र दक्ष प्रशिक्षकहरुसँग मिलेर महिला व्यवसायीहरुलाई व्यावसायिक तालिम, मेन्टोरिङ नेट्वर्क, आर्थिक सेवा तथा अन्य विभिन्न तालिमहरु दिएका थियौं जसले गर्दा वहाँहरुलाई आफ्नो जीवनस्तर उकास्न, परिवारलाई सहयोग गर्न र समुदायमा पनि सकरात्मक परिवर्तन ल्याउन सक्षम बनाएको छ । हामीले एक हजार महिला व्यवसायीहरुलाई तालिम दिने लक्ष्य लिएका थियौं र सो लक्ष्य पुरा पनि भएको छ । हामी धेरै खुसी छौं र भविष्यमा पनि अझै धेरै महिलाहरुलाई सशक्तिकरण गर्दै जानेछौं ।’

त्यस्तै बोट्लर्स नेपालका पब्लिक अफेयर, कम्युनिकेसन र सस्टेनिबिलिटी डिरेक्टर स्नेह राजभण्डारीले नेपालमा महिला उद्यमशीलता एक कदम अगाडि बढेको तर्क गरे । उनले भने, ‘काठमाडौं उपत्यका बाहिर विशेष गरी धेरै खुद्रा पसलहरु र रेस्टुरेन्टहरु छन जुन महिलाले चलाउँछन् । त्यस्ता महिलाहरुलाई आइपर्न सक्ने चुनौतीको सामना गर्न सक्षम बनाउने उद्देश्यले कोका-कोलाले सक्षम जस्ता तालिम कार्यक्रमहरु सञ्चालन गर्दै आइरहेको छ जसले महिलाहरुलाई आफ्नो व्यापार अगाडि बढाउन हौसला दिन्छ । आफ्नो व्यवसायलाई कसरी विस्तार गर्न सकिन्छ भन्ने बारेमा पनि सक्षमले महिला व्यवसायीहरुलाई नयाँ तरिकाले सोच्न सिकाउँछ ।’

## वाणिज्य नीति संशोधन गर्ने मन्त्री भण्डारीको निर्णय

**काठमाडौं/रासस** - उद्योग, वाणिज्य तथा आपूर्तिमन्त्री दामोदर भण्डारीले वाणिज्य नीतिलाई पुनरावलोकन गर्नेसम्बन्धी पहिलो निर्णय गरेका छन् । उनले मंगलबार कार्यभार सम्हाल्दै उक्त निर्णयमा हस्ताक्षर गरेका हुन् । मन्त्री भण्डारीले गत पुस १० गते मन्त्रीको शपथ लिएका थिए । उनी मंगलबार कार्यभार सम्हाल्न मन्त्रालय पुगेका थिए । मन्त्रालयमा मन्त्री भण्डारीलाई सचिवद्वय तोयानारायण ज्ञवाली र मधुकुमार मरासिनीले स्वागत गरेका थिए । स्वागत कार्यक्रममा मन्त्रालयका उच्चपदस्थ कर्मचारी र मन्त्रालयअन्तर्गतका सार्वजनिक संस्थानका प्रमुखहरुको सहभागिता थियो ।

कार्यभार ग्रहणपछि मन्त्री भण्डारीले विदेशी भूमिमा श्रम गरिरहेका नेपालीधलाई स्वदेशमा श्रम गर्ने वातावरण बनाउने गरी उद्योगधन्दाको विकास गर्न आफूले काम गर्ने बताए । यसका लागि अहिले भएका नीतिगत समस्यालाई छिट्टै किनारा लगाउने उनले प्रतिबद्धता व्यक्त गरे । सरकारले ल्याएको २१ बुँदे साझा कार्यक्रममा समेटिएका विषयलाई पूरा गर्न मन्त्रालय केन्द्रित हुने मन्त्री भण्डारीको भनाइ थियो । यसका लागि रुग्ण उद्योगको पुनःस्थापना र साना तथा मझौला उद्योगको प्रवर्द्धनमा ध्यान दिइने उनले उल्लेख गरे ।

मंगलबार निर्णय प्रदेश सरकारका सम्बद्ध मन्त्रालयमा सुझावका लागि पठाइने र प्रदेशबाट प्राप्त सुझावलाई समेत समेटेर उक्त नीतिलाई अन्तिमरुप दिइने मन्त्रालयले जनाएको छ ।

# हिमालय एयरलाइन्सको काठमाडौं–बेइजिङ उडान शुरु

**काठमाडौं/रासस** - हिमालय एयरलाइन्सले चीनको राजधानी बेइजिङमा पहिलो उडान शुरु गरेको छ । उक्त एयरलाइन्सले आज मंगलबार पहिलो पटक काठमाडौं-बेइजिङ उडान शुरु गरेको हो । त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलका महाप्रबन्धक प्रेमनाथ ठाकुराका अनुसार मंगलबार बिहान १० बजेर ४० मिनेटमा उक्त विमान काठमाडौंबाट उडेको र बेइजिङको तासिङ अन्तर्राष्ट्रिय विमानस्थलमा अवतरण गरेको छ । नेपालको काठमाडौं र बेइजिङलाई सीधा जोड्ने यो पहिलो उडान भएको छ ।

चीनको राजधानी बेइजिङमा झण्डै तीन वर्षपछि विदेशका अन्तर्राष्ट्रिय वायुसेवा कम्पनीले उडान थालेका छन् । तीमध्ये हिमालय एयरलाइन्स पहिलो भएको बताइएको छ । राजधानीको नयाँ विमानस्थल बेइजिङ तासिङ अन्तर्राष्ट्रिय विमानस्थलमा हिमालय एयरलाइन्सले हप्तामा एक पटक उडान भर्ने




भएको छ । चीनले कोभिड-१९ महामारीपछि सन् २०२० को मार्च १ देखि सबै अन्तर्राष्ट्रिय उडानमा रोक लगाएको थियो ।

अब चीनको चाइना साउदर्न एयरलाइन्स, चाइना इस्टर्न एयरलाइन्स, बेइजिङ क्यापिटल एयरलाइन्ससँगै हिमालय एयरलाइन्सले पनि उडान शुरु गरेको हो । तीमध्ये हिमालयले हाललाई साताको एक पटक काठमाडौंबाट उक्त विमानस्थलमा उडान भर्ने र चाइना साउथर्नले हङकङमा साताको तीन उडान गर्ने बताइएको छ । अब ती उडानबाट बेइजिङ हुँदै हवाई यात्रु युरोप, अमेरिका, एसिया र अष्ट्रेलियाका विभिन्न मुलुकमा जानसक्ने छन् ।

त्यसको निम्ति चीनले एक सय ४४ घण्टाको भीसा फ्रि नीति पनि सार्वजनिक गरेको जनाइएको छ । उक्त अवधिको सो नीति बेइजिङ, थ्येन्चिन र हपेइ क्षेत्रमा लागू हुनेछ । बेइजिङको दोस्रो अन्तर्राष्ट्रिय विमानस्थल सन् २०१९ को अक्टोबर २७ का दिन उडानको निम्ति खुला गरिएको थियो तर कोभिड-१९ महामारीका कारण पाँच महिनापछि नै बन्द भएको थियो ।

सामाजिक सुरक्षा भत्ता पाउन योग्य नागरिक नछुटौं ।

- सामाजिक सुरक्षा भत्ता जेष्ठ नागरिक, असहाय एकल महिला, लोपोन्मुख जाति, अपाङ्गता भएका नागरिक तथा लक्षित बालबालिकालाई उपलब्ध गराइन्छ ।
- सामाजिक सुरक्षा भत्ता राज्यबाट अन्य कुनै किसिमका सेवा सुविधा प्राप्त नगर्ने नागरिकलाई मात्र उपलब्ध हुन्छ ।
- सार्वजनिक पदमा नियुक्ति, निर्वाचित, मनोनित तथा निवृत्तिभरण पाइरहेको व्यक्तिले सामाजिक सुरक्षा भत्ता लिनु हुँदैन ।
- एउटै व्यक्तिले एक लक्षित समूहबाट मात्र भत्ता प्राप्त गर्न सक्दछन् ।
- एउटै व्यक्तिले दोहोरो सुविधा लिनु गैरकानूनी हो ।

नेपाल सरकार
विज्ञापन बोर्ड

प्रकाशक: **सीतादेवी श्रेष्ठ**, कार्यालय: कमलपोखरी, काठमाडौं, फोन: ०१–५३२६३६६, ०१–५३२८२९८, ई-मेल: madhyanhadaily59@gmail.com, ad.madhyanha@gmail.com (विज्ञापन), **मुद्रक:** एक्सप्रेस कलर प्रेस, सम्पादक: **मदनकुमार श्रेष्ठ**